# द्वन्द्वको परिचय, असर तथा प्रभाव

**द्वन्द्वको अर्थ**

एक मानिस वा समुहको अर्को मानिस वा समुहसंग हरेक विषय वस्तुमा फरक फरक सोच, हेराइ , दृष्टिकोण र विचार हुन सक्छ। जसले गर्दा एक आपसमा मत बाभि्कन गई केही कुरामा असहमति हुन सक्छ । यसरि विचारको असहमतीले द्वन्द्वको सीर्जना गर्छ । प्रचलित मूल्य मान्यतालाई चुनौती दिदै सामाजिक हैसियत, शक्ति र स्रोतको पहुँचका विषयमा मत मतान्तर हुँदा द्वन्द्व हुन सक्छ। यस्तो अवस्थामा एक पक्षले अर्को पक्षको उद्धेष्यलाई परास्त गर्ने र त्यसको अस्तित्वलाई अश्विकार्ने जस्ता कामहरु पनि हुन्छन्।

**द्वन्द्वको स्तर**

द्वन्द्वहरु विभिन्न स्तर र तहमा रहेका हुन्छन् । यी द्वन्द्वहरु व्यक्ति-व्यक्ति बीचमा, परिवारमा, समुदायमा र क्षेत्रीय, राष्ट्रिय तथा अन्तरराष्ट्रिय स्तरमा हुनसक्छन् । हाम्रा कार्यक्रमले सम्वोधन गर्ने भनेको व्यक्ति-व्यक्ति, पारिवारिक र सामुदायिक स्तरका द्वन्द्वहरु मात्र हुन् ।




**द्वन्द्वको चरणहरु**

द्वन्द्वहरुको विकास र विस्तार विभिन्न चरणहरु हुँदै अगाडि बढ्दै जाने प्रकृतिका हुन्छन् । द्वन्द्व व्यवस्थापनका कार्यक्रमहरु संचालन गर्नुपूर्व द्वन्द्वको चरणहरुका वारेमा हामीहरु प्रष्ट हुनु जरुरी छ । यसका चरणहरु निम्नानुसार छन् ।

***अप्रत्यक्ष वा लुकेको द्वन्द्व*** : भित्र भित्रै एक अर्कामा वैमनस्यता शुरु भइ सकेको हुन्छ तर वाहिरका अन्य मानिसहरुलाई उनीहरुको विग्रेको सम्वन्ध बारे थाहा हुँदैन । यस्तो द्वन्द्व खुल्लारुपमा अभिव्यक्त हुँदैन ।




***खुल्ला द्वन्द्व*** : यस चरणमा पक्ष विपक्षले असंगत वा अमिल्दा अभिव्यक्तिहरु खुला रुपमा दिन थाल्दछन् । दुई पक्षको असहमति र विरोध सवैले थाहा पाउने चरणमा आइ सकेको हुन्छ ।

***शक्ति संघर्ष*** : जहाँ पक्ष विपक्षले आ-आफ्नो शक्ति प्रयोग गर्दछन् । यस शक्तिको प्रयोगले ध्वंसात्मक द्वन्द्व र हिंसालाई निम्त्याउँदछ ।

**ध्वंसात्मक द्वन्द्व र हिंसा** : यस अवस्थामा द्वन्द्वले हिंसाको रुप लिई सकेको् हुन्छ । एक पक्षले अर्को पक्षलाई शक्ति प्रयोग गरी परास्त गर्ने शैली अप्नाएको हुन्छ ।

शान्ति स्थापनाको प्रकृयामा यो कार्यक्रममा बढी भन्दा बढी लुकेको द्वन्द्वको बारेमा छलफल गर्छौं । त्यसैले समुदाय स्तरमा रहेको द्वन्द्वको अवस्था पहिल्याएर सो अनुरुप द्वन्द्व समाधानको काम गर्नु पर्दछ ।

**द्वन्द्वका प्रमूख कारणहरु**

- ✍ वर्गिय, जातिय र लैंगिक विभेद
- ✍ स्रोत, साधन तथा अवसर माथि असमान पहुँच तथा नियन्त्रण
- ✍ समाजमा विद्यमान असन्तुलित शक्ति सम्वन्ध
- ✍ मानव अधिकारहरुको उल्लंघन हुनु
- ✍ गरीवी
- ✍ आधारभूत मानवीय आवश्यकताहरु पूरा नहुनु

भौतिक, सुरक्षा, अरुबाट सम्मान पाउने र आत्म सम्मान जस्ता कुराहरु मानवीय आवश्यकताहरु हुन् । गास, वास, कपास जस्ता भौतिक आवश्यकताहरु पुरा हुंदैमा मानिस सन्तुष्ट रहंदैन । ती आवश्यकताहरु पूरा हुँदै गए पछि सुरक्षा, पहिचान, सम्मान जस्ता चाहनाहरु बढ्दै जान्छन् । यी चाहना र आवश्यकताहरु प्राप्तिका लागि मानिसले खोजी, माग र दावी गर्न थाल्दछन् । यसले समुदायमा द्वन्द्व जन्मिन्छ । अधिकार, आवश्यकता र चाहनाहरु प्राप्तिकालागि शुरु भएको द्वन्द्वको कारणले कतिपय परिस्थितिमा थप सामाजिक विभेदहरुको सिर्जना हुन थाल्छन् ।

**द्वन्द्वका असरहरु**

द्वन्द्वबाट निस्कने परिणाम सँधै नकारात्मक मात्र हैन, सकारात्मक पनि हुन्छ ।

**सकारात्मक असर**

जब द्वन्द्वलाई रचनात्मक हिसाबले व्यवहार गरिन्छ त्यतिबेला द्वन्द्वले राम्रा असरहरु छोड्छ :

- समाजमा सकारात्मक परिवर्तनहरु हुन्छन् ।
- नयाँ संभावनाहरुको अवसर प्राप्त हुन्छ ।
- सम्वन्धहरुमा नवीकरण हुन्छ ।
- हरेक क्षेत्रको उत्पादकत्वमा वृद्धि हुन्छ ।

द्वन्द्वको यस्ता असरहरुले समुदायमा सकारत्मक परिवर्तन आउन सक्छ । यसले गर्दा समाज विकाशमा योगदान पुग्न सक्दछ ।

**नकारात्मक असर**

यदि द्वन्द्वलाई समयमा सही तरिकाबाट व्यवस्थापन गर्न सकिएन भने त्यसको असरहरु नकारात्मक हुन सक्छन् । प्रमुख नकारात्मक असरहरु निम्नानुसार छन् :

- मानिसहरु तनावग्रस्त हुन्छन् ।
- उत्पादनमा कमी आउँछ ।
- संवन्धहरु बिग्रँदै जान्छन् । एक अर्कामा सहयोगको भावना हराउँदै जान्छ ।
- निषेधित क्षेत्रहरुको वृद्धि हुन्छ ।
- ध्वंशात्मक मुठभेडको सम्भावनामा वृद्धि हुन्छ ।

द्वन्द्वको यस्तो नकारात्मक असरले समाज र समुदाय नै विघटनको प्रकृयामा जान सक्छ । त्यसैले द्वन्द्वलाई बेलैमा समाधान गर्ने तिर जोड दिनु पर्दछ ।